आज मिति २०७५ साल मंसीर ९गतेका दिन गेरुवा गाउँपालिका, स्थानीय शिक्षा समितिका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा समितिको तेस्रो बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

### उपस्थिति

| | | |
|---|---|---|
| श्री जमान सिंह के.सी. - | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री हिमा कुमारी थरुनी - | उपाध्यक्ष | सदस्य |
| श्री दया राम बैद्य थारु - | वडा अध्यक्ष, १. वडा | ,, |
| श्री आलोककुमार थारु - | वडा अध्यक्ष, २. वडा | ,, |
| श्री पुना राम थारु - | वडा अध्यक्ष, ३. वडा | ,, |
| श्री बल बहादुर चलाउने- | वडा अध्यक्ष, ४. वडा | ,, |
| श्री धर्म प्रकाश थारु - | वडा अध्यक्ष, ५. वडा | ,, |
| श्री टेक बहादुर चौधरी - | वडा अध्यक्ष, ६. वडा | ,, |
| श्री मोवीला पौडेल - | कार्यपालिका सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली- | कार्यपालिका सदस्य | ,, |
| श्री नारायण प्रसाद पौडेल- | शिक्षक/महासंघ प्रतिनिधि | ,, |
| श्री भीमवहादुर खत्री - | प्रमुख प्रशासकीय अधिकृत | ,, |
| श्री अमृत वहादुर पुन - | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

Scanned by CamScanner

आमन्त्रित सदस्य

१ श्री डिलबहादुर जि.सी. - स्रोत व्यक्ति

## प्रस्तावहरु

१ स्थानीय शिक्षा समितिलाई पूर्णतादिने सम्बन्धमा
२ सावीक जिल्ला शिक्षा कार्यालयबाट वितरण भएका अधुरा योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिने सम्बन्धमा
३ सामुदायिक विद्यालयहरुको लेखापरीक्षण सम्बन्धमा
४ शिक्षातर्फको सशर्त अनुदान वितरण सम्बन्धमा ।
५ बहुमुखी क्याम्पस स्थापना, दरबन्दी मिलान सम्बन्धमा
६ गणेश प्रावि बगहीपूरको दरबन्दी सम्बन्धमा ।
७ कक्षा थप गर्ने सम्बन्धमा ।
८ विविध

### १ स्थानीय शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा

प्रस्ताव नं. १ माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकाको ३३ सौं बोर्ड बैठकबाटगठीत स्थानीय शिक्षा समितिको सदस्यमा देहाय वमोजिमका सदस्यहरु मनोनयन गरी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

**तपशिल**

श्री प्रकाश शाही -प्रधानाध्यापक, श्री एकप्रिय राठौर माध्यमिक विद्यालय, पाताभार
श्री दुर्मत कुमारी चौधरी -प्रधानाध्यापक, श्री रामजानकी आधारभूत विद्यालय,
श्री रामनाथ शर्मा -प्रिन्सिपल, नवज्योती पव्लिक स्कुल, गेरुवा-१, नवज्योतीबजार

साथै मिति २०७५।०८।५ गते वसेको प्र.अ.हरुको निर्णयलाई सम्मान गर्दै सिफारिसमा पर्नु भएका प्र.अ. लाई आवश्यकताको आधारमा आमन्त्रित सदस्यको रुपमा बैठकमा बोलाउने निर्णय गरियो ।

Scanned by CamScanner

२ सावीक जिल्ला शिक्षा कार्यालयबाट बितरण भएका अधुरा योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिने सम्बन्धमा

**प्रस्ताव नं.२ माथी छलफल गर्दा** शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा विकास तथा समन्वय ईकाईको पत्र र योजना कार्यान्वयन गर्ने विद्यालयहरुको अनुरोधमा स्वीकृत ईस्टिमेट र सम्पन्न सम्झौतालाई आधार वनाई वडा प्राविधिक र गाउँपालिका प्राविधिकबाट प्राविधिक अध्ययन,निरीक्षण पश्चात वडास्तरीय अनुगमन समिति र गाउँपालिका स्तरीय उच्च अनुगमन समितिले शिक्षा संयोजक र सम्वन्धित विद्यालय व्यवस्थापन समितिको उपस्थितिमा अनुगमन गराई अविलम्ब विस्तृत अनुगमन/निरीक्षण प्रतिवेदन तयार गरी सुझाव सहित पठाई दिने व्यवस्था हुन गेरुवा गाउँपालिकामा अनुरोध गर्ने निर्णय गरियो ।

३ सामुदायिक विद्यालयहरुको लेखापरीक्षण सम्बन्धमा

प्रस्ताव नं. ३ मा छलफल गर्दा आ व २०७४।७५ को सामुदायिक तथा संस्थागत विद्यालयहरुको लेखा परीक्षण गर्न गाउँपालिकामा दर्ता हुन आएका लेखा परीक्षकहरु मध्येवाट विद्यालय व्यवस्थापन समितिको निर्णयबाट कुनै तिनजनाको नाम छनौट गरी पठाउन सवै विद्यालयलाई निर्देशन दिने तपसिलका लेखा परीक्षकहरुको सूचिकरण गर्ने निर्णय गरियो ।

**तपसिल**

१ श्री मुक्त बहादुर रजौरे, रजौरे एण्ड एसोसियट्स, घोराही दाङ

२ श्री केशव गौतम, केशव गौतम एण्ड कम्पनी,, गुलरीया

३ श्री वेद बहादुर डि सी, बेद बहादुर डि सी एण्ड एसोसियट्स,घोराही, दाङ

४ श्री शंकर गौतम, शंकर गौतम एण्ड कम्पनी,घोराही, दाङ- ख

५ श्री नन्दलाल ढकाल,एम एल ढकाल एण्ड एसोसियट्स, गुलरीया

६ श्री होमनाथ गौतम, एच एन गौतम एण्ड एसोसियट्स, गुलरीया

**४ शिक्षातर्फको सशर्त अनुदान सम्बन्धमा**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आव २०७५।७६ का लागि शिक्षातर्फको सशर्त अनुदान अन्तर्गत तपसिल शीर्षकका कार्यक्रम तपसिलका विद्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

| क्रियाकलाप नं. | कार्यक्रमको नाम | प्राप्त वजेट | प्रदान गरिएको | कैफियत |
|---|---|---|---|---|

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालय | |
| २.१५.११.७८८ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सीङ, किताब खरिद तथा ई पुस्तकालय समेत) | ६,५०,०००। | जानकी मा.वि. जनकनगर | |
| २.१५.११.७८९ | शिक्षण सिकाइमा सुचना प्रविधिको प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्टस तथा सामग्री खरिद) का लागि अनुदान | ६,५०,०००। | श्री पशुपति मावि पशुपतिनगर | |
| २.१५.११.७९२ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६,५०,०००। | श्री जनता मावि गोला | |
| २.१५.११.७९७ | पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण | १४,००,०००। | श्री एकप्रिय राठौर मावि पाताभार | |
| | | | श्री ने.रा. गणेश मावि प्रसेनीपुर | |
| २.१५.११.७८१ | विद्यालय भवन निर्माण (अघिल्लो आव को ४ कोठे भवन) | १८,००,०००। | श्री जानकी मावि जनकनगर | |
| २.१५.११.७८६ | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान (Performance based Grants) | ४,५०,०००। | श्री एकप्रिय राठौर मावि पाताभार | २,००,०००। |
| | | | श्री जनता आवि सरखोल | ५००००। |
| | | | श्री खैरावाङ भगवती आवि राजीपुर | ५०,०००। |
| | | | श्री सरस्वती आवि वनकट्टी | ५०,०००। |
| | | | श्री सरस्वती आवि जोधिपुर | ५०,०००। |
| | | | श्री नेरा आवि गिदरपुर | ५०,०००। |
| २.१५.११.७९४ | गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदान | ५०,०००। | श्री सरस्वती आवि, विन्द्रा | |

**निर्णय नं. ५ बहुमुखी क्याम्पस स्थापना, दरबन्दी मिलान सम्बन्धमा**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा गेरुवा गाउँपालिकामा वहुमुखी क्याम्पस स्थापनार्थ पूर्व तयारीको लागि गेरुवा गाउँपालिका, सामाजिक विकास समितिका संयोजक श्री वल बहादुर चलाउनेको संयोजकत्वमा एक पूर्व तयारी समिति गठन गरी उक्त समितिलाई गेरुवा गाउँपालिकामा शिक्षक

Scanned by CamScanner

दरबन्दी मिलान कार्यको समेत पूर्व तयारी गर्न थप जिम्मेवारी प्रदान गरी कार्य पत्र स्थानीय शिक्षा समिति समक्ष पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

तपशिल:

| | |
|---|---|
| १. बल बहादुर चलाउने | संयोजक |
| २. मोविला शर्मा पौडेल | सदस्य, कार्यपालिका सदस्य |
| ३. लक्षिण बहादुर नेपाली | सदस्य,कार्यपालिका |
| ४. दिपक चौधरी | सदस्य, ईन्जिनियर |
| ५. प्रकाश शर्मा | सदस्य, सूचना प्रविधि अधिकृत |
| ६. प्रकाश शाही | सदस्य, प्र.अ. प्रतिनिधि |
| ७. नारायण प्रसाद पौडेल | सदस्य,शिक्षक महासंघ, गेरुवा |
| ८. अमृत बहादुर पुन | सदस्य, प्रा.स., शिक्षा |
| ९. डिल बहादुर जि.सी. | सदस्य-सचिव, श्रोत व्यक्ति |

**६ गणेश प्रावि बगहीपूरको दरबन्दी सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गेरुवा गाउँपालिका १ नं. वडा स्थित गणेश प्रावि बगहीपूरको शिक्षक दरबन्दी विद्यार्थी संख्या कम भएको कारण साविक जिल्ला शिक्षा कार्यालयले दरबन्दी रोकेकोमा हाल उक्त दरबन्दी हालको जिल्ला प्रशासन कार्यालय अन्तर्गतको शिक्षा विकास तथा समन्वय इकाइ, गुलरियामा माग गर्ने निर्णय गरियो ।

**७ कक्षा थप गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा शैक्षिकशत्र २०७५ मा गेरुवा गाउँपालिका अन्तर्गत तपशिलका विद्यालयहरुलाई कक्षा थप गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | विद्यालयको नाम, ठेगाना | विद्यालयको प्रकार | कक्षा थप गर्न चाहेको | कैफियत |
|---|---|---|---|---|
| १. | श्री क्याम्ब्रीज इंलिश बोर्डिगं स्कुल, शान्तिबजार | संस्थागत | १० कक्षा | |
| २. | श्री शिवज्योती प्रावि, झवही | सामुदायिक | ५ कक्षा | |
| ३. | श्री सरस्वती आ.वि., विन्द्रा | सामुदायिक | ७ कक्षा | |
| ४. | श्री रामजानकी आ.वि., रामनगर | सामुदायिक | ६ कक्षा | |

**८ विविध**

Scanned by CamScanner

निर्णय नं. ८ माथी छलफल गर्दा स्थानीय शिक्षा समितिको चौथो बैठक मिति २०७५ साल पौष ७ गतेका दिन बिहान ०८.०० बजे बस्ने निर्णय गरियो ।

Scanned by CamScanner